जानकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खजुराखुर्द, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प.सं. ०७७/०७८ मिति : २०७७/०८/०९
च.नं. ४८९

विषय : जानकारी सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै)
श्री विषयगत शाखा (सबै)

उपरोक्त सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ को उपदफा (१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्ने तथा सोही ऐन को उपदफा (२) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिन सम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न, गराउन सक्नेछ भनि व्यवस्था गरेकोले ताँहा वडा कार्यालय तथा बिषयगत शाखाहरुले हरेक महिनाको बचत रहेको अन्तिम मौज्दात त्यही महिनामा अनिवार्य रुपमा सम्बन्धित राजस्व खातामा दाखिला गरिदिनु हुन निर्देशानुसार अनुरोध छ ।अन्यथा कानून बमोजिम जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

२०७७/०८/०९
..............................
बस बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

(बस बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत)